annapurnapost.com


# अन्नपूर्ण पोस्ट


वर्ष २४, अंक २२ पृष्ठ ८ | काठमाडौं, बिहीबार ८ जेठ २०८२ | जेष्ठ कृष्णपक्ष दशमी नेपाल संवत् ११४५ | THURSDAY, MAY 22, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

# प्रदेशमा बढ्दो आर्थिक बेथिति, घट्दो राजस्व

मनलाग्दी खर्च गर्ने, भाग पुऱ्याउन झचाल-झचालमा मन्त्रालय राख्ने र सत्ताको दुरुपयोग गरेर बजेटको दुरुपयोग गर्ने, प्रदेश सरकारका मुख्य बेथिति हुन् । महालेखापरीक्षकको ६२औं वार्षिक प्रतिवेदनले प्रदेशमा नीतिगत रूपमा आर्थिक बेथिति मौलाउँदै गएको औंल्याएको छ । राज्य कोषबाट खर्च गर्ने गरी आफू अनुकूलका व्यक्तिहरूलाई पोस्ने काम प्रदेश सरकारले गरेका छन् । अधिकार सम्पन्न संघीय प्रशासन पुनर्संरचना समितिको प्रतिवेदन, २०७४ ले सबै प्रदेशहरूमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित प्रदेश मन्त्रालयको संख्या ७ वटा हुनुपर्ने सिफारिस गरे पनि सबै प्रदेशले त्यसलाई बेवास्ता गरेका छन् । ७ वटाको मन्त्रालय हुनुपर्नेमा प्रदेश सरकारले त्यसको दोब्बरको संख्यामा १४ वटा मन्त्रालय खडा गरेर राज्य कोषको दुरुपयोग गरेका छन् ।




समाचार पृष्ठ २

केशरराज क्षेत्री | *बुटवल*

– को रिपोर्ट

## गभर्नर पौडेलका चुनौती : वित्तीय स्थायित्व र आन्तरिक अर्थतन्त्र सुधार्ने




**ममता थापा** | *काठमाडौं*

राष्ट्र बैंकका महिनैपिच्छेका प्रतिवेदनले भन्छन्, 'अर्थतन्त्रका बाह्य सूचक बलियो बन्दै गएका छन्।' रेमिट्यान्स बढ्दै गएको, वैदेशिक सञ्चिति थपिँदै गएको र शोधनान्तर स्थिति बचतमा छ। तर, त्यति हुँदा पनि आन्तरिक अर्थतन्त्र भने शिथिल नै छ। बैंकहरूमा पैसा थुप्रिएको छ, लगानी बढ्न सकेको छैन।

बजारमा माग छैन, उद्योग-कलकारखाना आधाभन्दा कम क्षमतामा चलिरहेका छन्। यस्तो बेला केन्द्रीय बैंकको नेतृत्वको बागडोर सम्हालेका छन्- अर्थशास्त्री डा. विश्वनाथ पौडेलले। त्यसैले नवनियुक्त गभर्नर पौडेलसामु मुख्य दुईवटा चुनौती देखिएका छन्। (१) वित्तीय स्थायित्व कायम गर्ने। (२) आन्तरिक अर्थतन्त्र चलायमान बनाउने। यी दुईवटा विषयलाई पौडेलले गम्भीरतापूर्वक लिएको उनको पहिलो सार्वजनिक अभिव्यक्तिले पनि पुष्टि गर्छ।

नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसीसीआई) को नेतृत्वसँगको पहिलो भेटमा पौडेलले 'अर्थतन्त्र चलायमान बनाउन स्थायित्व आवश्यक हुने' मा जोड दिइसकेका छन्। बुधबार प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतबाट पद तथा गोपनियताको शपथ लगत्तै पौडेलले एफएनसीसीआई नेतृत्वसँग भेटवार्ता गरेका थिए। अर्थतन्त्र चलायमान बनाउन उनले ल्याउने नयाँ मौद्रिक नीतिको पर्खाइ पनि छ। किनभने, लामो समयदेखि बैंक तथा वित्तीय संस्थाको प्रणालीमा करिब साढे ६ खर्ब रुपैयाँको पर्याप्त लगानीयोग्य पुँजी (तरलता) थुप्रिएको छ।

आन्तरिक रूपमा अर्थतन्त्र अझै तँग्रिन सकेको छैन। वित्तीय स्थायित्व हुन सकेको छैन। चालु आवको ९ महिनासम्ममा कर्जा विस्तार लक्ष्य साढे १२ प्रतिशत भनिए पनि ८.३ प्रतिशत हाराहारीमा छ। यसले गर्दा अर्थतन्त्रको इञ्जिनका रूपमा व्याख्या गरिने निजी क्षेत्र उत्साहित हुन नसकेको पूर्वगभर्नर डा. चिरञ्जिवी नेपाल औंल्याउँछन्। निजी क्षेत्रको आत्मविश्वास बढाउन मौद्रिक नीतिदेखि, बजेट लगायतमा सरकारलाई सुझाव दिएर अर्थतन्त्र चलायमान बनाउन सक्ने भूमिका नवनियुक्त गभर्नरको हुने उनले बताए।

यसर्थ अहिलेको अर्थतन्त्रलाई उकास्न सक्ने, बैंकिङ क्षेत्र र समग्र मुलुकको अहिलेको आन्तरिक समस्यालाई हल गर्न सक्ने क्षमता भएको गभर्नर मुलुकले चाहेको थियो। डा. पौडेललाई अर्थतन्त्रको जानकार व्यक्ति भएको टिप्पणी अधिकांशले गरेका छन्। तर, उनको सामुन्ने व्यवहारमा देखिने गरी काम गर्नुपर्ने चुनौती छ। यसले उनको विज्ञतालाई चुनौती पनि दिएको छ।

डा. पौडेल सुरुमा गभर्नर छनोट समितिमा मनोनीत भएका थिए। त्यस बेला अन्नपूर्णसँग भनेका थिए, 'अहिलेसम्मका सबै नेतृत्व आवश्यक मापदण्ड पूरा गरेका व्यक्तिहरू पार्टीले नै ल्याएकोमा अनौठो मान्ने कुरा छैन। सबै मुलुकमा राष्ट्रपति, प्रधानमन्त्रीले आफूलाई काम गर्न अनुकूल हुने व्यक्ति खोजेर ल्याउने हो। तोकिएको क्षेत्रमा विज्ञ पनि होस्, सबैसँग समन्वय गर्न सक्ने, इमान्दार र संस्था चलाउन सक्ने खालको व्यक्तित्व गभर्नर हुँदा मुलुकलाई हित हुन्छ।' अब उनको यो भनाइले कत्तिको सार्थकता पाउँछ हेर्न बाँकी छ।

अर्थमन्त्री विष्णुप्रसाद पौडेलले गभर्नर डा. पौडेललाई वित्त नीति र मौद्रिक नीतिबीच समन्वय गरी अघि बढ्न सुझाव दिएका छन्। अर्थमन्त्री पौडेलले अर्थतन्त्र र मौद्रिक क्षेत्रमा देखा परेका समस्या समाधानमा महत्वपूर्ण पहल गर्न अनुरोध गरेका थिए।

गभर्नर डा. पौडेलले अर्थ मन्त्रालयले देशको अर्थतन्त्रको नेतृत्व गर्ने र नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत वित्त नीति कार्यान्वयनमा सहयोग पुऱ्याउने बताएका थिए। 'वित्तीय क्षेत्रको प्रभावकारिताका लागि राष्ट्र बैंकको सुपरीवेक्षकीय क्षमतामा जोड दिने छौं।'

### ग्रे लिस्टबाट बाहिर निकाल्ने भूमिका खेल्नुपर्ने

पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्री राम्रो काम गर्नका लागि नवनियुक्त गभर्नरले पार्टीको मतमा भन्दा देशको मतमा निर्णय गर्ने क्षमता राख्नुपर्ने सुझाव दिन्छन्।

» बाँकी पृष्ठ ६

## बल्लै छाडे ट्राफिक लाइट, बनाउने छैन सुरसार

**अजवी पौड्याल** | *काठमाडौं*

उपत्यकामा बढ्दो सहरीकरण र सवारीको चापलाई व्यवस्थापन गर्न ६९ स्थानमा ट्राफिक लाइट जडान गरिए। तर, २९ वटा ट्राफिक लाइट बिग्रिएर थन्किएको महिनौं भयो। यी लाइट मर्मत गरेर सञ्चालनमा ल्याउन कुनै पनि सरकारी निकाय तयार छैनन्।

६९ स्थानमध्ये ४६ स्थानमा सडक विभागले लाइट जडान गरेको थियो। ६ वटा काठमाडौं महानगरले र ७ वटा ललितपुर महानगरले जडान गरेका थिए। विभिन्न बैंकको सहकार्यमा ७ वटा र अन्य संघसंस्थाले ३ वटा स्थानमा ट्राफिक लाइट जडान गरेका छन्। तीमध्ये १३ वटा स्थानमा पेलिकन लाइट जडान गरिएका थिए।

महालेखापरीक्षकको ६२औं प्रतिवेदनअनुसार २९ स्थानमा रहेका ट्राफिक लाइटहरू बिग्रिएर मर्मत गर्नुपर्ने अवस्थामा रहेको औंल्याएको छ। उपत्यकाको सवारी व्यवस्थालाई सुरक्षित एवं भरपर्दो बनाउनका लागि सडकहरूमा सीसीटिभी,



सर्भिलेन्स भेहिकल परिचालन, बोडी वर्न क्यामेरा, गोप्रो क्यामरा जस्ता आधुनिक प्रविधिहरू जडान गरी यातायात व्यवस्थापनसँग सम्बन्धित सबै निकायसँग समन्वय गरेर प्रभावकारी रूपमा उपत्यकाको ट्राफिक व्यवस्थापन गर्नुपर्ने महालेखाको सुझाव छ। उपत्यका ट्राफिक महाशाखाका अनुसार २ सय ७० स्थानमा ४ सय १५ वटा सीसीटिभी क्यामेरा जडान छन्। ट्राफिक महाशाखाले सबै क्यामेराबाट निगरानी गर्ने गर्छ।

महाशाखाका प्रवक्ता दीपक गिरीका अनुसार बिग्रिएका ट्राफिक लाइट बनाउने निकाय अहिलेसम्म तोकिएको छैन। जसको अग्रसरतामा ती लाइट जोडिएका हुन, उसैले नै मर्मत गर्ने प्राक्टिस छ। गिरीका अनुसार, ट्राफिक महाशाखा र सरोकारवाला निकायहरूसँगको छलफलपश्चात् सडकमा जडान गरिएका ट्राफिक लाइटको जिम्मा र मर्मत सम्भार सहरी विभागले गर्ने सहमति गरिएको छ। ट्राफिक लाइट बनाउन सहरी विभागले टेन्डर आह्वान गरिसकेको जनाएको छ।

### ट्राफिक लाइट मर्मतका लागि डेढ करोडको ठेक्का आह्वान

सडक विभागका प्रवक्ता अर्जुनप्रसाद अर्यालका अनुसार, उपत्यकाका सबै स्थानमा ट्राफिक लाइट जोड्ने क्षेत्राधिकार सडक विभागको हो।

» बाँकी पृष्ठ ६

## सिंगापुरमा मुटु रोग चाँडै पत्ता लगाउने एआई प्रणाली परीक्षण गरिने

**सिंगापुर** (एजेन्सी) : सिंगापुरको राष्ट्रिय मुटु केन्द्रले तीनवटा सरकारी अस्पतालमा कृत्रिम बुद्धिमत्ता (एआई) प्रणालीको परीक्षण गर्न लागेको छ। यो प्रणालीले मुटुको स्क्यान चाँडो हेर्न सक्ने भएकाले मुटुमा समस्या छ कि छैन भन्ने चाँडै थाहा पाउन सजिलो हुनेछ।

अहिले मुटुको स्क्यान हेरेर समस्या पत्ता लगाउन २ देखि ४ घण्टा लाग्छ, तर यो एआई प्रयोग गरेपछि १० मिनेटमै नतिजा आउन सक्छ । वरिष्ठ डाक्टर लोहेन्द्रन बास्करनले मंगलबार सञ्चारकर्मीलाई यसबारे जानकारी दिए। यो प्रणाली पहिले परीक्षण गरिएको बेलामा ८५५ देखि ९९५ सम्म सही नतिजा दिएको थियो । अब यो प्रणाली एक वर्षसम्म अस्पतालहरूमा प्रयोग गरेर त्यसको परिणाम कस्तो हुन्छ भन्ने हेरिनेछ।

सिंगापुर मुटु घाउ विश्लेषक नाम दिइएको यो प्रणाली सन् २०२५ को तेस्रो चौमासिक सेप्टेम्बर/अक्टोबरतिर बाट प्रयोगमा ल्याइनेछ । सिंगापुरमा मुटुको समस्या हुने रोग सबैभन्दा धेरै मानिसको ज्यान लिने कारण हो।

